# शुद्धोदन गाउँपालिका

## आ.ब. २०८२/८३ को
## प्रथम चौमासिक सार्वजनिक सुनुवाई
## कार्यक्रममा
## प्रस्तुत संक्षिप्त प्रतिवेदन

**मिति २०८।०९।२२**

शुद्धोदन गाउँपालिका
आ.ब. २०८२/०८३

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम शुद्धोदन गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही सर्वसाधारण विचमा दोहोरो संम्वाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्ने यो सार्वजनिक सुनुवाईको मुल उद्धेश्य रहेको छ। हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ। सिमित साधनबाट, जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरि भौतिक पूर्वाधारको विकास गरी जनताको दीगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा उति टेवा पुग्दछ। शुद्धोदन गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं। यस आर्थिक वर्ष २०८२/०८३ का लागि हिउदे गाउँसभाबाट समेत पारित भएका बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा शुद्धोदनका हामी निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरु लगनशिलताका साथ खटिएका छौं।

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनतावाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरुमा कार्यसम्पादनलाई चुस्त दुरुस्त सुदृढ बनाउने सार्वजनिक प्रतिबद्धता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो। यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ। गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवाग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ।

शुद्धोदनका हामी सवै जनप्रतिनिधिहरु तथा कर्मचारीहरु ईमान्दारीपूर्वक लगनशिल भई जनताको सेवामा खटिरहेका छौ । शुद्धोदनको विकास र समृद्धीको लागि सवै मिलेर विकास गरौ भन्ने जनमतलाई कदर गर्दै सहमतिका साथ सहकार्य गर्दै अगाडि बढ्दै छौ काम गर्दा गल्ती, कमि कमजोरी हुन सक्छ, सिकाइले निखारपन ल्याउँछ पक्कै हो। यो अवधिमा जनप्रतिनिधिहरु र कर्मचारीहरु वीच निकै सुमधुर, सम्वन्ध राख्दै योजना तथा कार्यक्रम कार्यान्वियन गर्न, सुशासनका आयाम थप्न सहज र सरल वनाउदै लगिने छ ।

सुशासन ऐन २०६४ को दफा ३० र शुद्धोदन गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८२ को आधारमा यो कार्यक्रमको तय गरिएको छ। यो कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, सालिन, उपलब्धिमुलक एवम अर्थपुर्ण बनाउन आचारसंहिता पालना गर्दै सहभागी ज्यूहरुबाट रचनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

**आ.व. २०८२/८३ को प्रथम चौमासिक सम्मको गाउँपालिकाको कार्यसम्पादनको प्रगति प्रतिवेदन ।**

शुद्धोदन गाउँपालिकाले गाउँसभाबाट चालु आ.व. २०८२/८३ को बजेट पारित गरी कार्यान्वयन गर्ने क्रममा यस आ.व. को प्रथम चौमासिकमा तपशिल अनुसार कार्य सम्पादन गरेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

1. गाउँपालिकाले चालु आ.व.मा संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु. ११ करोड ६८ लाख, शसर्त अनुदान चालु तर्फ रु. १८ करोड ८६ लाख, शसर्त अनुदान पुँजिगत तर्फ ६ करोड २८ लाख, विशेष अनुदान चालु तर्फ रु. १ करोड, विशेष अनुदान पुँजीगत तर्फ रु. ७६ लाख र समपुरक अनुदान पुँजीगत तर्फ रु. ४० लाख गरी जम्मा रु. ३८ करोड ९८ लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको हालसम्म समानिकरण अनुदान तर्फ रु. ५ करोड ८४ लाख, शसर्त अनुदान चालु तर्फ रु. १२ करोड १९ लाख, शसर्त अनुदान पुँजिगत तर्फ ४ करोड ११ लाख, हजार गरी जम्मा रु. २२ करोड १५ लाख वास्तविक आम्दानी गर्न सफल भएको छ । यसरी संघीय सरकार तर्फबाट आम्दानी गर्ने लक्ष्य मध्ये जम्मा ५६.८४ प्रतिशत मात्र आम्दानी भएको छ ।

2. चालु आ.व.मा प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ रु. ८० लाख ९० हजार, शसर्त अनुदान पुँजिगत तर्फ ८० लाख र समपुरक अनुदान पुँजीगत तर्फ रु. ७५ लाख गरी जम्मा रु. करोड २ करोड ३५ लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको हालसम्म रु. समानीकरण अनुदान तर्फ ४० लाख ४५ हजार, शसर्त अनुदान पुँजिगत तर्फ २६ लाख ४० हजार र समपुरक अनुदान पुँजीगत तर्फ रु. २४ लाख ७५ हजार जम्मा रु. ९१ लाख ६० हजार वास्तविक आम्दानी गर्न सफल भएको छ । यसरी प्रदेश सरकार तर्फबाट आम्दानी गर्ने लक्ष्य मध्ये जम्मा ३८.८३ प्रतिशत मात्र आम्दानी भएको छ ।

3. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ घर जग्गा रजिष्ट्रशन तर्फ १ करोड, मुल्य अभिवृद्धि कर तर्फ रु. ७ करोड १३ लाख, अन्तशुल्क तर्फ रु. २ करोड ३७ लाख, सवारी साधन कर रु. ८३ लाख, विज्ञापन कर १ लाख र दहत्तर बहत्तर शुल्क रु. २ करोड ४८ लाख गरी जम्मा १३ करोड ८३ लाख आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म घर जग्गा रजिष्ट्रेशन तर्फ ३५ लाख, मुल्य अभिवृद्धि कर तर्फ रु. २ करोड ५ लाख, अन्तशुल्क तर्फ १ करोड ३० लाख, सवारी साधन कर रु. २२ लाख गरी जम्मा रु. ३ करोड ९४ लाख मात्र आम्दानी गर्न सफल भएको छ । यसरी राजस्व बाँडफाँड तर्फ जम्मा २८.४९ प्रतिशत आम्दानी भएको छ ।

4. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १२ लाख, भूमिकर मालपोत तर्फ ३० लाख, बहाल कर तर्फ १५ लाख, बहाल बिटौरी कर तर्फ ९ लाख,

व्यवशायले भुक्तानी गर्ने कर रु. १० लाख, अन्य कर रु. ९ लाख, सिफारिस दस्तुर ५० लाख, नक्सा पास दस्तुर १० लाख, व्यक्तिगत घटना दर्ता दस्तुर रु. ५ लाख, नाता प्रमाणित दस्तुर २ लाख, अन्य दस्तुर १० लाख, व्यवसाय रजिष्ट्रेशन दस्तुर ८ लाख, अन्य क्षेत्रको आय ४० लाख, प्रशासनीक दण्ड जरिवाना र जफत ४ लाख, बेरुजु २ लाख, अन्य राजस्व ४ लाख, नगद १८ लाख र बैक मौज्दात २० करोड ४९ लाख र अन्य विविध गरी गरी जम्मा २२ करोड ९३ लाख आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. २० करोड ६७ लाख गर्न सफल भएको छ ।

5. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा चालु तर्फ रु. ४२ करोड ७१ लाख विनियोजन गरेकोमा हाल सम्म जम्म रु. १२ करोड ६२ लाख खर्च गरी २९.५७ प्रतिशत खर्च गर्न सफल भएको छ ।

6. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा पुँजिगत तर्फ रु. ३५ करोड ४४ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. २ करोड २५ लाख मात्र खर्च गरी ९.१८ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

7. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ७८ करोड १६ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १५ करोड ७८ लाख खर्च गरी जम्मा २० प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

8. शुद्धोदन गाउँपालिकाका विभिन्न शाखाले यस आर्थिक वर्षमा तपशिल अनुसारका मुख्य मुख्य काम गर्न सफल भएका छन् ।

**स्थानीय विकास कोष तर्फः**

- स्थानीय विकास कोष बैंक हिसाव विवरण बमोजिम एक आर्थिक वर्ष आ. व. २०८२/२०८३ को हिसाब मिलान कार्य मिति २०८२/०४/३१ गते सम्पन्न।
- सामुदायिक विकास कोष शुद्धोदन-४ को आ. व. २०८२/०८३ को आन्तरिक लेखा परिक्षण कार्य सम्पन गर्ने कार्य गरियो।
- स्थानीय विकास कोष अन्तर्गतका सामुदायिक संस्था/ समुहहरूको नियमित हुने बैठक कार्य निरन्तरता रहेको।
- स्थानीय विकास कोषबाट परिचालन गरिएको नियमित ऋणपुँजि लगानी असुली नियमित कार्य भएको।
- स्थानीय विकास कोष अन्तर्गत सामुदायिक संस्थाको अध्यक्ष, मेनेजर बैठक भेला नियमित कार्य भएको।

- वडा नं. ५ मा गाउँपालिका सामाजिक परिचालन समिति बैठक बाट १० लाख घुम्तिकोष ऋण स्वीकृत भई ऋण परिचालन।
- पालिका स्तरीय सहकारी संस्थाका ७५ जनालाई १ दिने नियमकिय निर्देशन राष्ट्रिय सहकारी नियमन प्राधिकरण संस्था अभिमुखिकरण तालिम कार्य सम्पन्न।
- वडा नम्वर ५ र ६ मा संचालित समुदायिक संस्थाका १२५ जना सदस्यहरूलाई ७ दिने समुह गठन भएका समुह संस्थामा आय आर्जन तथा स्वरोजगार मुलक तथा वित्तिय साक्षरता परिक्षण अभिमुखिरण तालिम कार्य सम्पन्न।
- गाउँपालिका स्थानीय बिकास कोषको लेखा परिक्षण सम्पन्न।
- वडा स्तरीय सामुदायिक विकास कोषको आन्तरीक लेखा परिक्षण सम्पन्न।

**सहकारी तर्फः**

- सहकारी लेखा परिक्षण लिर्देशिका २०७५ को दफा ३ वमोजिम सहकारी संस्थाहरूले तोकिएको समय भित्र लेखा परिक्षक नियूक्ति गरी लेखा परिक्षण सम्पन्न गर्न गराउन (COPOMIS) अनलाईन प्रणालीद्धारा सहकारी संघ/संस्थाहरूलाई निर्देशन।
- सहकारी संघ/संस्थाहरूले जारी गर्नुपर्ने श्वेतपत्र जारी गर्ने सम्बन्धि सुचना (COPOMIS) अनलाईन प्रणालीद्धारा सहकारी संघ/संस्थाहरूलाई निर्देशन।
- पालिका स्तरीय रहेका २६ वटा सहकारी संस्थाहरूलाई सहकारी ऐन २०७४अनुसार पौष मशान्त भित्र बार्षिक साधारण सभा सम्पन्न गर्न सहकारी संघ/संस्थाहरूलाई निर्देशन।

**बजार अनुगमन तर्फः**

- पालिका स्तरीय २६ वटा सहकारी संस्था मध्ये ४ वटा सहकारी अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- दरवाह कोटहीमाई पर्यटकीय मेला बजार स्टल निर्माण गरी ब्यवसाय गरेका मिठाई पसल जिल्ला खाद्य तथा गुण नियन्तरण कार्यालयका प्राविधिक सहित बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- बजार अनुगमन गर्ने क्रममा १० के. जि. बराबरको आखाद्य बस्तु मिठाई नष्ट गर्ने कार्य सम्पन्न ।

**आन्तरिक लेखा परिक्षण तर्फः**

- आ व २०८१/०८२ को यस गाउँपालिकाको आय र व्ययको आन्तरिक लेखा परिक्षण सम्पन्न गरि वार्षिक प्रतिवेदन तयार पारि प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखा तथा वडा कार्यालयहरु र गाउँपालिका अध्यक्ष  र मलेप डोर समक्ष पेश गरिएको ।
- आ व २०८२/०८३ को भाद्र महिनामा आ.व. २०८२/८३ मा  आलेप शाखाबाट गरिने कार्यहरुको कार्य योजना तयार पारी कार्यालय प्रमुखबाट स्वीकृत गराई अभिलेखिकरण गरिएको ।
- शुद्धोदन गाउँपालिकाको आ.व. २०८१/०८२ को अन्तिम लेखा परिक्षण कार्यमा आवश्यक सहजिकरण गरिएको ।
- गाउँपालिकाको सार्वजनिक लेखा समितीबाट महालेखा परीक्षकको कार्यालयले विगत आ.व. मा अनियमित भनी औंल्याएको बेरुजुलाई गाउँसभा बाट नियमसंगत बनाउनको लागि आवश्यक कागजात तयार पारिएको ।
- गाउँपालिकाका विभिन्न शाखाहरुसँग आवश्यकता अनुसार समन्वय गरिएको ।

| बेरुजुको प्रकार | रकम |
|---|---|
| अनियमित बेरुजु | **9,58,33,625** |
| पेश्की बेरुजु | 2,00,52,430 |
| प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजु | 2,65,75,582 |
| असुल गर्नुपर्ने बेरुजु | 4,35,30,695 |
| जम्मा बेरुजु | 18,59,92,332 |
| सम्परीक्षणबाट हटाइएको बेरुजु | 6,07,10,442 |
| अब बाकी बेरुजु | 12,52,81,890 |

स्वास्थ्य शाखा तर्फः

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| १ | किशोरी आइरन चक्की खरिद | ३०००० | ० | १००% | नियमानुसार खरिदगरी उपलब्ध गराइएको । |
| २ | औषधी खरिद | २४०००००० | १०० | ३१% | नियमानुसार खरिदगरी स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको |
| ३ | राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन | १६८००० | १०० | ४५% | ६ महिनादेखि ५ वर्षसम्मका बालवालिकाहरूलाइ जुकाको औषधी २६७३ जना र भिटामिन ए २९७३ जनालाइ खुवाइएको |
| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
| ४ | खोपको माइक्रो प्लानिङ्ग कार्यक्रम | ४६३००० | | १३% | स्वास्थ्य कार्यालय रूपन्देहीको सहयोगमा स्वास्थ्य स्थाहरूलाइ सहभागि गराइ कार्यक्रम संचालन गरिएको । |
| ५. | ग्रामिण अल्ट्रसाउण्ड कार्यक्रम संचालन | १००००० | १३१जनालाइ सेवा दिएको | रकम भूक्तानी नभएको | स्वास्थ्य संस्थाहरूमा महिनाको १ पटक तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा सेवा |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| | | | | | दिइएको । |
| ६ | विश्व एडस् दिवस संचालन | १५५०० | २३६ जना कार्यक्रममा सहभागी | १५६०० | स्वास्थ्य संस्थाहरू मार्फत कार्यक्रम संचालन गरि जनचेतना जगाउने काम गरिएको । |
| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
| ७ | महिला स्वास्थ्य स्वयं सेविका दिवस | ८०००० | १००% | ९०% | स्वयं सेविकाहरूले गरेको कामको वारेमा समिक्षा गरी आगामी वर्षको लागि सुधारको अपेक्षा गरिएको । |
| ८ | क्षयरोग कार्यक्रमको चौमासिक समिक्षा कार्यक्रम सम्पन्न | १०००० | १६ जना | ९८% | यस चौमासिकको समिक्षा गरी आगामी आ.वको कार्ययोजना तयार पारिएको |
| ९ | फाइजर खोप लगाउने कार्यक्रम | | ५२९ जना | | स्वास्थ्य संस्थाहरूमार्फत स्वास्थ्यकर्मीहरूद्धारा लगाइएको । |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| २ | किशोरिहरूको रक्तअल्पता परिक्षण कार्यक्रम | | ३२५ जना | | शंकर मा.वि, ड्रिम भिजन तथा लिटिल फ्लावर |
| ३ | L-PEP कुष्ठरोग नियन्त्रणको लागि औषधी खुवाउने कार्यक्रम | | | | इन्द्रेणी ग्रमिण विकास केन्द्र तथा गाउपालिकाको सहयोगमा संचालित |

आयुर्वेद शाखाः

| क्र स | विवरण | इकाइ | ०८२/०८३ कात्तिक मसान्तसम्म |
|---|---|---|---|
| १ | OPD (बहिरङ सेवा) | जना | ११७७ |
| २ | स्तनपायी | जना | २२ |
| ३ | जेष्ठनागरिक सेवा | जना | १३२ |
| ४ | पूर्वकर्म/पञ्चकर्म सेवा | जना | २९८ |
| ५ | गाँउघर क्लिनिक | जना | ४७० |
| ६ | आयुर्वेद स्वास्थ्य सेवा अभिमुखीकरण कार्यक्रम | जना | ५० |
| ७ | राष्ट्रिय आरोग्य दिवस | जना | ५५ |
| | कुल जम्मा | | २२०४ |

| क.स. | कार्यक्रमको नाम | ०८१/०८२<br>चैत्र मसान्तसम्म |
|---|---|---|
| १ | गाँउघर क्लिनिक सन्चालन ( वडा नं. १ र २ ) | ४७० जना |
| २ | आयुर्वेद औषधी खरिद | ६ लाख |
| ३ | धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस कार्यक्रम | ३० हजार |
| ४ | आयुर्वेद स्वास्थ्य सेवा अभिमुखीकरण कार्यक्रम | ७० हजार |

उद्यम विकास तर्फः

| क.स. | कार्यक्रम /क्रियाकलाप | लक्ष्य | सम्पन्न | कार्य क्षेत्र | लाभ ग्रहि संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १. | अभिमुखिकरण कार्यक्रम | १ | १ | शुद्धोधन गाउँपालिका,रुपन्देही | २३ | ९ | ३२ |
| २. | सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम | २ | २ | शुद्धोधन गाउँपालिका,रुपन्देही | १०६ | ४ | ११० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | घर धुरी सर्वेक्षण (फारम ए) | ८० | ११० | शु.गा.पा.को ७ वटै वडाहरु | १०६ | ४ | ११० |
| ४. | सम्भाव्य लघु उद्यमीका रुपमा सहभागिहरुको छनौट(फारम वी) | ८० | ११० | शु.गा.पा.को ७ वटै वडाहरु | १०६ | ४ | ११० |

कृषि विकास तर्फः

**कार्यक्रमको प्रगति**

| क्र.सं. | योजनाको नाम | स्वीकृत बजेट | प्रगति विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | मिनिकिट बितरण | २००००० | सम्पन्न भएको | २००० प्याकेट मुला , धनिया , सिमि ,केराउ ,रायो सागको बिउ वितरण भएको |
| २ | च्याउको बीउ वितरण कार्यक्रम ( ५० % अनुदानमा ढवानि सहित ) | २००००० | सम्पन्न भएको | २०००० प्याकेट कन्या च्याउको विउ वितरण भएको |
| ३ | गंहुको विउ वितरण कार्यक्रम ५० ५ अनुदानमा | २२,२०,००० | सम्पन्न भएको | DESIS सफ्टवेयर मार्फत ससर्त वजेट ३०,००० के जी गंहुको विउ वितरण गरेको |
| ४ | गंहुको विउ वितरण कार्यक्रम ५० % अनुदानमा | ४०,१३,२७६ (विभिन्न वार्ड कार्यालयबाट विनियोजन गरिएको) | सम्पन्न भएको | टेन्डर मार्फत ४६६६६ के जी गंहूको बिउ वडा कार्यालय मार्फत वितरण गरिएको<br>जम्मा ७६,६६६ केजी विभिन्न जातको गंहुको विउ वितरण |

| | | | | |
|---|---|---|---|---|
| | | | | गरिएको |
| ५ | आकास्मीक बालि संरक्षण कार्यक्रम | ३००००० | संचालन प्रक्रियामा रहेको | यो आ ब मा बिषादीमा भ्याट लगाएकोले धेरै एग्रो भेटहरु भ्याटमा दर्ता नभएकोले |
| ६ | प्राबिधिक सेवा | ५६ कृषकलाइ पालिका बाटै सेवा दिएको | सम्पन्न भएको | |
| ७ | आकस्मिक वाली संरक्षण कार्यक्रम | ३३ जना कृषकको खेत बारीमा गइ सेवा दिए को | सम्पन्न भएको | |
| ८ | विविध | १००००० | संचालन भइरहेको | |
| ९ | तालिम | ३००००० | संचालन पर्क्रियामा रहेको | |
| १० | घुम्ती शिविर कार्यक्रम | १००००० | सम्पन्न भएको | सबै वार्डमा संचालन भएको घुम्ती सिबिरमा ९०० प्याकेट ढुसिनासक विषादी साथै १७०० प्याकेट प्याजको विउ वितरण भएको |
| ११ | कृषि मेला प्रदशनी | १,००,००० | सम्पन्न भएको | यस गाउँपालिका वार्ड न ४ फर्साटिकरमा संचालन भएको द्रोसो शुद्धोदन महोत्सबमा संचालन भएको साथै कृषि मेला प्रदशनीमा सहभागी २९ जना कृषकहरु लाइ सम्मान |

| | | | | |
|---|---|---|---|---|
| | | | | गरिएको |

**पशु सेवा शाखा तर्फः**

कृतिम गर्भाधान सेवा १२३२

गाई ७१५

भैसी ५१५

बाख्रा २

**उपचार सेवा** १४९७०

- मेडिकल उपचार सेवा १३७०९
- माईनर सर्जिकल उपचार ११९१
- गाईनोकोलोजिकल उपचार सेवा ७०

**पशु बन्ध्याकारण** **५२**

- बोका ४१
- बंगुर ११

**प्रयोगशाला सेवा** **१६०**

- थुनेलो परिक्षण सेवा ३४
- गोवर परिक्षण सेवा १२६

**खोप सेवा** **१९८७**

- रेविज खोप सेवा २१२
- लम्पि स्किन खोप सेवा १२५६
- पि.पि.आर खोप ५१९
- व्यावसायिक फार्म दर्ता / नविकरण ४७ वटा
- हिउँदे घाँस वर्षिमको बिउ वितरण १९६५ किग्रा
- सामुदायिक कुकुर बन्ध्याकरण २७०

**भवन तथा बस्ती विकास तर्फः**

- व्यक्तिगत जग्गा नापजाँच निवेदनबाटः- ४
- सरकारी तथा सार्वजनिक रेखांकन एकिनः-६
- निजि नापजाँच माटो उत्खनन् फिल्ड निरिक्षणः- १९
- सार्वजनिक बाटो निजि नापजाँचः- ४
- व्यक्तिगत जग्गा नापजाँच निवेदनबाटः- ४
- सरकारी तथा सार्वजनिक रेखांकन एकिनः-६
- निजि नापजाँच माटो उत्खनन् फिल्ड निरिक्षणः- १९
- सार्वजनिक बाटो निजि नापजाँचः- ४
- शुद्धोदन गाउँपालिका वडा नं. ४ मा स्थित फस्ट च्वाइस फुड्स प्रा.लि. मा बनेको Effluent Water Treatment Plant (ETP) को संरचना निरिक्षण गरि, संरचना प्रमाणित गरियो

**खानेपानी तर्फः**

1. विश्व हात धुने दिवस २०८२ - मिति २०८२ साल असोज २९ गते भगलापुर मा.वि.का कक्षा ८ देखि १२ सम्मका १२० जना विद्यार्थीहरुलाइ सहभागि गराइ अभिमुखिकरण तथा उचित तरिकाले हात धुने अभ्यास गराइएको छ।
2. विश्व शौचालय दिवस २०८२ - मिति २०८२ साल मंसिर ३ गते शिशै मा.वि.का कक्षा ८ देखि १० सम्मका १३८ जना विद्यार्थीहरुलाइ सहभागि गराइ शौचालयको महत्व तथा यसको प्रयोगबाट स्वास्थ्यमा हुने फाइदाको बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
3. खानेपानी सरसफाइ तथा स्वच्छता (वास) योजना निर्माण - मिति २०८२ असोज ३१ गते पालिका स्तरिय वास योजना निर्माण सम्बन्धी प्रारम्भिक गोष्ठी सम्पन्न गरेपश्चात सो सम्बन्धमा गणकहरुलाइ तालिम, गणकहरुद्वारा तथ्याङ्क संकलन, वार्ड स्तरिय तथ्याङ्क सत्यापन र योजना प्राथमिकिकरण, विभिन्न शाखा प्रमुखहरु संग तथ्याङ्क सत्यापन र योजना प्राथमिकिकरण, पालिका स्तरिय तथ्याङ्क सत्यापन र योजना प्राथमिकिकरण गोष्ठी आदी कार्यहरु सम्पन्न भएका छन । यसरी हाल यस गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (वास) योजना तयार भइ खानेपानी तथा ढल ब्यवस्थापन विभागको एनवास एमआइएस सिस्टममा समेत समावेश भइसकेको छ ।

| सि.नं | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट | भौतिक प्रगति | वित्तिय प्रगति | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|

| | | (रु.लाखमा) | % | % | |
|---|---|---|---|---|---|
| १ | विश्व हात धुने दिवस | ०.४० | १०० | १०० | भगलापुर मा.वि.का विद्यार्थीहरुलाइ अभिमुखिकरण तथा उचित तरिकाले हात धुने अभ्यास गराइएको |
| २ | विश्व शौचालय दिवस | ०.४० | १०० | ९७.७५ | शिशै मा.वि.का विद्यार्थीहरुलाइ शौचालयको महत्व तथा यसको प्रयोगबाट स्वास्थ्यमा हुने फाइदाको बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको |
| ३ | पालिका स्तरिय वास योजना निर्माण | १० | १०० | १७ | पालिका स्तरिय प्रारम्भिक गोष्ठी, गणकहरुलाइ तालिम, तथ्याङ्क संकलन, वार्ड स्तरिय तथ्याङ्क सत्यापन र योजना प्राथमिकिकरण, पालिका स्तरिय तथ्याङ्क सत्यापन र योजना प्राथमिकिकरण गोष्ठी सम्पन्न गरी वास योजना सार्वजनिक गरिएको |

**नगर प्रहरी तर्फः**

- दानव र तिनाउ खोलाका नदिजन्य पदार्थ निकाश हुने स्थानहरुमा अनुगमन गरिएको छ।
- नदीजन्य पदार्थको बिक्री वितरण गर्दा रेखदेख गरियो।
- खेत सम्याउदा वढी भएको माटो बिक्री गर्दा रेखदेखको लागि खटियो ।
- दरबह मेला अनुगमनमा सहभगि भइयो।
- फर्साटिकर, भुजौली, मानपकडी र पुरैनी हाट बजारको बैठकी उठाउने काम गरियो।
- शुद्धोदन पार्क सरसफाई तथा प्रवेश शुल्क उठाइयो।
- शुद्धोदन गाउँपालिका कार्यलयको शान्ति सुरक्षाको लागि खटियो।
- वडा नं. १ देखी ७ सम्म र १ दिन पलिकामा राष्ट्रिय परिचय पत्र वितरणमा सहजिकरण गरियो।

**महिला, बालबालिका तथा समाज कल्याण तर्फः**

| सि.नं | कार्यक्रमको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तीय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| १ | ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस | ५८,४२०/ | | १००% | सम्पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित। |
| २ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | १,५०,०००/ | | ८८.६८% | हिंसाको बदलिंदो स्वरूपबारे सचेतना अभिवृद्धि भएको। |
| ३ | अपाङ्गता परिचयपत्र वितरण | १,००,०००/ | | ३२% | परिचयपत्रको अभावमा विद्यालय जानबाट बञ्चितहरू लाभान्वित। |
| ४ | जेष्ठ नागरिक परिचयपत्र वितरण | - | - | - | तोकिएको सेवासुविधा उपभोग गर्ने वातावरणको सिर्जना |

1. यस पालिकाभित्रका सम्पूर्ण अति अशक्त अपाङ्गता भएका (७४ जना) व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा स्वास्थ्यवर्द्धक खानेकुरा वितरण।
2. ११ जना व्यक्तिहरूलाई अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण (क-१, ख-४, ग-३, घ-३)
3. २४४ पुरुष र २१८ महिला गरी जम्मा ४६२ जना ज्येष्ठ नागरिक परिचयपत्र वितरण।
4. लैङ्गिह हिंसा विरुद्धको जनचेतनामूलक १६ दिने अभियान कार्यक्रम।
5. विभिन्न संघ, संस्था तथा सरोकारवालापक्षसँग आगामी कार्यक्रमबारे समन्वय तथा आवश्यक छलफल।
6. विभिन्न कार्यालयहरूमा कामकाजसम्बन्धी पत्राचार तथा सिफारिसलगायतका कार्यहरू।

**योजना ताथ भौतिक पूर्वाधार तर्फः**

| योजना तथा अनुगमन/भौतिक पूर्वाधार विकास शाखा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजित अवस्था | | कार्यान्वयनको अवस्था | | | प्रगतिको अवस्था | | |
| | योजना संख्या | बजेट (रु.हजारमा) | ठेक्का सम्झौता | उ.स.सम्झौता | बाँकी संख्या | सम्पन्न संख्या | भौतिक प्रगति % | वित्तीय प्रगति% |
| ठेक्का बन्दोवस्त मार्फत् | १८ | १३५००० | ७ | | ६ | ८ | २० | १०.२५ |
| उपभोक्ता समिति मार्पत् | १४१ | ४९३५० | | ४९ | ९२ | ९ | ९.६५ | ७ |
| जम्मा | | | | | | | | |

| योजना तथा अनुगमन/भौतिक पूर्वाधार विकास शाखा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजित अवस्था | | कार्यान्वयनको अवस्था | | | प्रगतिको अवस्था | | |
| | संख्या | बजेट(रु.हजारमा) | ठेक्का/कोटेशन | उ.स.सम्झौता | बाँकी | सम्पन्न | भौतिक प्रगति% | वित्तीय प्रगति% |
| प्रदेश समपूरकअनुदान | १ | १५१०० | सम्झौता | | | | १० | २० |
| प्रदेश सशर्त अनुदान | ५ | ७००० | सूचना | | | | | |
| संघीय विषेश अनुदान | १ | १०००० | सूचना | | | | | |
| संघीय समपूरक अनुदान | १ | १०२०० | सम्झौता | | | | १० | २० |
| जम्मा | | | | | | | | |

- आ.व. २०८१/८२ को बार्षिक प्रगिति तथा समिक्षा कार्य सम्पन्न भएको ।
- आ.व.२०८२/८३ को वार्षिक कार्य तालिका / खरिद योजना निर्माण भएको ।
- उपभोक्ता समिति गठन प्रक्रिया अगाडि बढाइएको र वडाबाट उपभोक्ता समिति गठनको विवरण प्राप्त भएको ।
- उपभोक्ता समितिसँग योजना सम्झौता गर्ने कार्य सुरु भएको ।
- यस आ.व.का ठेक्काका योजनाहरुको बोलपत्र आह्वान गर्ने, सम्झौता गर्ने कार्य शुरु भएको ।
- गत आ.व.को आयोजनाहरु ९० प्रतिशत सम्पन्न भएको ।
- हाल सम्म ४९ वटा उपभोक्ता समितिसँग सम्झौता भएको र ९ वटा सम्पन्न भै भुक्तानी भैसकेको ।
- अन्य योजनाहरु इष्टिमेटको चरणमा रहेको ।
- मंसिरको १ गतेबाट उपभोक्ता समितिको तालिम शुरु गरी ८ गतेसम्म सबै वडामा सम्पन्न भएको ।
- मंसिरको ९ गतेदेखि सबै वडामा घुम्ति सेवा संचालन गरिएको र जसमा २८ वटा योजना सम्झौता भएको ।

**राजस्व शाखा तर्फः**

| सि.नं. | कार्यालयको नाम | संकलित राजस्व | कैफियत |
|---|---|---|---|
| १ | शुद्धोधन गाउँपालिकाको कार्यालय | ३७,०४,४०८/- | |
| २ | १ नं. वडा कार्यालय | ८,१३,९२५/- | |
| ३ | २ नं. वडा कार्यालय | ११,८२,६५६/- | |
| ४ | ३ नं. वडा कार्यालय | १०,७७,६३१/- | |
| ५ | ४ नं. वडा कार्यालय | २०,७०,५४९/- | |
| ६ | ५ नं. वडा कार्यालय | १०,२४,६४३/- | |
| ७ | ६ नं. वडा कार्यालय | ६,२८,७१३/- | |

| | | | |
|---|---|---|---|
| ८ | ७ नं. वडा कार्यालय | ५,९६,२७१/- | |
| | जम्मा | १,१०,९८,७९६/- | |
| सि.नं. | शिर्षकको नाम | **संकलित राजस्व** | कैफियत |
| १ | सम्पति कर | ३,१५,०८२/- | |
| २ | भुमिकर/मालपोत | १३,३५,५४१/- | |
| ३ | बहाल कर | १४,११,३३५/- | |
| ४ | बहार विटौरी कर | १६,३१,३८४/- | |
| ५ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २,९१,१९८/- | |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | ६२,२००/- | |
| ७ | नक्सापास दस्तुर | ७,६३,३१८/- | |
| ८ | सिफारिस दस्तुर | २५,९२,४७४/- | |
| ९ | व्यक्तिगत घटना दस्तुर | ३,२५,८००/- | |
| १० | नाता प्रमाणित दस्तुर | १,४०,३००/- | |
| ११ | अन्य दस्तुर | ४,८२,२७१/- | |
| १२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ८०,०००/- | |
| १३ | बेरुजु | ८५,०००/- | |
| १४ | व्यवसाय कर | ८,२०,२००/- | |
| १५ | अन्य कर/धरौटी सदरस्याहा/विद्युत/न्यायिक दस्तुर | ६०,७०१/- | |

| | | | |
|---|---|---|---|
| १६ | अन्य क्षेत्रको आय | ७,०१,९९२/- | |
| | जम्मा | १,१०,९८,७९६/- | |

**रोजगार सेवा केन्द्र तर्फः**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| १ | शुद्धोदन पार्क सरसफाई तथा गोडमेल | १,७१,१०२। | १०० | १०० | पार्क सरसफाई भएर ठेक्कामा रहेको |

1. २०८२-०८३ को बार्षिक कार्य योजना तयार, २०८१-८२ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिएको ।
2. वैदेशिक रोजगार वोर्डको सचिवालय बाट प्रदान गरिने आर्थिक सहायताको लागि वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुन ७ जनाको छात्रवृत्तिको लागि निवेदन प्राप्त भएको ।
3. सहायक कम्प्युटर अपरेटरको पदपुर्ति कागजात रुजु गर्ने तथा संक्षिप्त सुचि प्रकाशनमा लगायतको कार्यमा सहयोग।
4. पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्टिच्युट प्रा.लि. मा निशुल्क तालिममा सहभागि को लागि सुचना गरि ६ जना सहभागिलाई निशुल्क तालिमको लागि सिफारिस गरिएको ।.
5. ३४ जना वैदेशिक रोजगारीको लागि जाने व्यक्तीहरुलाई पुनः श्रम स्विकृतीको लागि सहजीकरण गरी रोजगार सेवाकेन्द्र मार्फत स्टिकर प्रिन्ट गरि प्रदान गरि सकिएको ।तथा अन्यलाई आवश्यक जानकारी प्रदान गरि सहजिकरण गरिएको ।

वडा कार्यालयहरु तर्फः

| वडा नं. | रकम |
|---|---|
| वडा नं. १ | ८,७८,७४७ |
| वडा नं. २ | ११,८२,६५७ |
| वडा नं. ३ | १०,७७,६३१ |
| वडा नं. ४ | २०,७०,५५० |
| वडा नं. ५ | १०,२४,६४३ |
| वडा नं. ६ | ६,२८,७१३ |
| वडा नं. ७ | ५,९६,२७१ |

वडा कार्यालयहरु तर्फ खर्चको अवस्थाः

पुँजिगत तर्फः

| बजेट शीर्षक | वडा नं. | बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| पुँजीगत खर्च | वडा नं. १ | ४३००००० | ५००००० | ११.६२ |
| | वडा नं. २ | ५९४८००० | १६००००० | २६ |
| | वडा नं. ३ | ६१५०००० | २५२५००० | ४१.०५ |
| | वडा नं. ४ | ६३३०००० | ५००००० | ७.९ |
| | वडा नं. ५ | ३६५०००० | ५५०००० | १५.०६ |
| | वडा नं. ६ | ३८००००० | ४००००० | १०.५ |
| | वडा नं. ७ | ४८५०००० | १३००००० | २६.८ |

चालु तर्फः

| बजेट शीर्षक | वडा नं. | बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| चालु खर्च | वडा नं. १ | ५७००००० | १०,७२,००० | १८ |
| | वडा नं. २ | ४०५२००० | ८५०००० | २०.९७ |
| | वडा नं. ३ | ३८५०००० | १४५०००० | ३७.६६ |
| | वडा नं. ४ | ३६७०००० | १०२४४२१ | २७.९ |
| | वडा नं. ५ | ६३५०००० | ८००००० | १२.५ |
| | वडा नं. ६ | ६२००००० | ८८७००० | १४.३ |
| | वडा नं. ७ | ५१५०००० | ११२८६०० | २१.९ |

**समग्र अवस्था**

| वडा नं. | पूँजिगत खर्च | चालु खर्च | जम्मा खर्च | खर्च % |
|---|---|---|---|---|
| वडा नं. १ | ५००००० | १०७२००० | १५७२००० | १५.७२ |
| वडा नं. २ | १६००००० | ८५०००० | २४५०००० | २४.५० |
| वडा नं. ३ | २५२५००० | १४५०००० | ३९७५००० | ३९.७५ |
| वडा नं. ४ | ५००००० | १०२४४२१ | १५२४४२१ | १५.२४ |
| वडा नं. ५ | ५५०००० | ८००००० | १३५०००० | १३.५ |
| वडा नं. ६ | ४००००० | ८८७००० | १२८७००० | १२.८७ |

| वडा नं. | पूँजिगत खर्च | चालु खर्च | जम्मा खर्च | खर्च % |
|---|---|---|---|---|
| वडा नं. ७ | १३००००० | ११२८६०० | १४२८६०० | १४.२८ |

सिफारिसहरुः

| क्र.स | प्रमाणित सिफारिसका प्रकार | वडा न. १ | वडा न. २ | वडा न. ३ | वडा न. ४ | वडा न. ५ | वडा न. ६ | वडा न. ७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १०६ | ६३ | १०३ | १०५ | ४५ | ४० | ७८ |
| २ | ब्यबसाय दर्ता | ० | ५ | ५ | ५ | २ | ५ | १ |
| ३ | वडा समिति बैठक संख्या | १५ | २० | १३ | १५ | १५ | १८ | १६ |
| ४ | वडाबाट मुचुल्का संख्या | १० | १२ | ५ | ३ | १५ | ५ | २५ |
| ६ | चलानी संख्या | ६६३ | १००८ | ८३२ | ९०३ | ६६५ | ३६३ | ५९४ |

व्यक्तिगत घटना दर्ता तर्फः

| वडा नं. | ब्याक्तिगत घटनादर्ता संख्या | सामाजिक सूरक्षा लाभग्राही | कैफियत |
|---|---|---|---|
| वडा नं. १ | १३६ | ४५५ | |
| वडा नं. २ | १८३ | ५५९ | |
| वडा नं. ३ | ८१ | ६०० | |
| वडा नं. ४ | ७० | ५४५ | |

| वडा नं. | ब्यात्तिगत घटनादर्ता संख्या | सामाजिक सूरक्षा लाभग्राही | कैफियत |
|---|---|---|---|
| वडा नं. ५ | ५६ | ४१९ | |
| वडा नं. ६ | १२१ | ३४६ | |
| वडा नं. ७ | ९६ | ३८५ | |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वडा नं. | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| १ | पुरानो वडा कार्यालय भवन रंगरोगन | १ | १ | १०० | |
| २ | सिसै गाँउभित्र अधुरो नाली निर्माण | १ | ४ | १०० | |
| ३ | अशोकको रुखदेखी बनगाइ मावि जोडने अधुरो पिसिसि ढलान | २ | ५ | १०० | |
| ४ | गोपालपुरमा नाली निर्माण | २ | २.५ | १०० | |
| ५ | राधाकृष्ण मन्दिरको अधुरो शौचालय निर्माण | २ | ३ | ६० | |
| ६ | वडा कार्यालयमा सिसिटी क्यामरा जडान | २ | ५.५ | ३० | |
| ७ | विपन्न परिवारलाइ धारा जडान कार्यक्रम | २ | २ | १०० | |
| ८ | हार्पिक फिनेल साबुन डिसवास बनाउने तालिम | २ | २ | १०० | |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वडा नं. | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| ९ | सि एल सि मा एडभान्स ब्युटी पार्लर र सिलाइ कटाइ तालिम | २ | ४ | ५० | |
| १० | गहुँको बिउ वितरण | २ | ३ | १०० | |
| ११ | गहुँको बिउ वितरण | ३ | २ | १०० | |
| १२ | अचार बनाउने तालिम | ३ | १ | १०० | |
| १३ | वडस्तरिय सडक ग्राभेल तथा सडक स्तरोन्नति | ३ | ३ | १०० | |
| १४ | वडास्तरिय सडक बत्ति जडान | ३ | ८ | १०० | |
| १५ | जडानी कुलो निर्माण | ३ | २.५ | १०० | |
| १६ | मौवावारी अधुरो कुलो निर्माण | ३ | १ | १०० | |
| १७ | रमवापुर गाँउटोल सिचाइ कुलो निर्माण | ३ | ४.७५ | १०० | |
| १८ | अधुरो बाटो निर्माण | ३ | १.२५ | १०० | |
| १९ | वडास्तरिय सडक बत्ति जडान | ४ | ५ | १०० | |
| २० | गहुँको बिउ वितरण | ४ | ३ | १०० | |
| २१ | फुलबारी ब्यवस्थापन तथा विविध कार्यक्रम | ४ | ५ | १०० | |
| २२ | गहुँको बिउ वितरण | ५ | ६ | १०० | |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वडा नं. | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| २३ | हार्पिक फिनेल साबुन डिसवास बनाउने तालिम | ५ | २ | १०० | |
| २४ | पुरैनी गाउँभित्र बाटो पिसिसि ढलान | ५ | ३ | १०० | |
| २५ | अधुरो नाली निर्माण | ५ | २.५ | २० | |
| २६ | गहुँको बिउ वितरण | ५ | ४ | १०० | |
| २७ | सिचाइ मोटर अनुदान | ५ | ५ | १०० | |
| २८ | वडास्तरिय बाटो ग्राभेल | ५ | ३.५ | १०० | |
| २९ | सडक बत्ति जडान | ६ | ९ | १०० | |
| ३० | गहुँको बिउ वितरण | ६ | ५ | १०० | |
| ३१ | बहुउद्देशिय सभाहल निर्माण | ७ | ६ | १०० | |
| ३२ | नाली निर्माण सिसवा | ७ | २ | २५ | |
| ३३ | बाटो पिसिसि ढलान | ७ | ५ | ५० | |

**विपद् व्यवस्थापन तर्फः**

- विभिन्न मितिहरुमा ५ पटक वैठक बसि विविध प्रस्ताव तथा निर्णयहरुमा छलफल गरि विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- आगलागि, अति विपन्न, मृत्यु भएका तथा आर्थिक अवस्था न्यून भएका बिपन्न नागरिकहरुलाई राहत तथा औषधि उपचारका लागि आर्थिक सहायता स्वरूप बिभिन्न समयमा समितिको बैठक बसि रु. २,२७,०००/- राहत तथा आर्थिक सहायता उपलब्ध गराईएको छ।
- चिसो तथा शितलहर बाट प्रभावित हुन नदिन शुद्धोदन गाउँपालिका भित्र रहेका सम्पूर्ण वडाहरुमा अति बिपन्न, अशक्त तथा जेष्ठ नागरिकहरुलाई ४०० थान न्यानो कपडा कम्बल (बलाङ्केट) वितरण गरिएको छ ।

- आगलागि तथा डढेलो बाट हुने विपद् घटनाहरुलाई न्यूनिकरण गर्नका लागि पालिका भित्रका सम्पुर्ण वडाहरुमा नागरिकहरुलाई सूचना सम्प्रेषण गर्ने कार्य गरिएको ।
- पालिका भित्रका सम्पुर्ण वडाहरुमा शितलहरबाट प्रभावित हुन नदिन तथा नागरिकहरुको स्वास्थ्य रक्षाको लागी डिभिजन बन कार्यालय भैरहवा बाट मुढा दाउरा खरीद गरी पालिका भित्रका सम्पूर्ण वडा तथा टोल विकासका चोक तथा सार्वजनिक स्थलहरूमा बितरण गरिएको।
- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति भैरहवा बाट विपद व्यवस्थापन संग सम्बन्धित पत्रहरूको जवाफ तथा प्रतिवेदन पठाउने कार्य गरिएको।
- यस समितिको बैठकमा भएका निर्णयहरूलाई कार्यान्वयन गर्न जनप्रतिनिधि, कर्मचारी तथा आम नागरिकहरूको सल्लाह, सुझाव समन्वय र सहकार्यमा हातेमालो गर्दै दीर्घरूपमा अघि बढनुपर्ने अति आवश्यक देखिएको छ ।

## शिक्षा युवा तथा खेलकुद शाखा तर्फः

| सि.नं. | कार्यक्रम/आयोजना को नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम प्रबोधिकरण निरन्तर विद्यार्थी मूल्याङ्कन तालिम | २००००० | १०० | ७४.७ | विद्यालयमा एकिकृत पाठ्यक्रम कार्यान्वयन प्रक्रियामा सहज भएको |
| २ | विपदको समयमा सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना | ५००००० | २० | १६.६ | कक्षा ३ देखि ८ सम्मका सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुलाई थप सिकाइ सहायता सञ्चालन गरी सिकाइ स्तर सुधार गर्ने |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| ३ | ICT प्रयोग सम्बन्धी तालिम | ४००००० | ७० | ७६.५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँचमा विस्तार हुने |
| ४ | विद्यालयलाई शैक्षिक सामाग्रीस्रोत सामाग्री वितरण | ५००००० | १०० | ९०.७ | विद्यालयमा पाठ्यक्रम तथा शिक्षक निर्देशिका व्यवस्था भइ सिकाइ सहजीकरणमा सहयोग पुगेको |
| ५ | विद्यालयहरुलाई खेलकुद सामाग्री वितरण | ४००००० | १०० | १०० | विद्यालयका खेलकुद कार्यक्रममा सहज भएको |
| ६ | सामुदायिक विद्यालयमा प्राथमिक उपचार बाकस व्यवस्थापन | १००००० | १०० | ८४ | विद्यालयमा भइपरि आउने सामान्य प्राथमिक उपचारमा सहज भएको |
| ७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १३७४००० | १०० | ४२ | छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड |

| सि.नं. | कार्यक्रम/आयोजना को नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % | मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापन भै महिनावारीको समयमा सिकाइ निरन्तरतामा सहज भएको । |

1. विषयविज्ञ सहित विद्यालय अनुगमन तथा कक्षा अवलोकन गरी विषयगत शिक्षकलाई सिकाइ सहजिकरणमा आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।
2. विद्यालयको समग्र अवस्था अवलोकन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिएको ।
3. विद्यालयको भौतिक अवस्था अवलोकन गरी भौतिक सुधारका लागि शिक्षा समितिको निर्णय सहित कार्यपालिका समक्ष सिफारिस गरिएको ।
4. पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सव भव्य रुपमा सम्पन्न गरिएको ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः**

1. पहिलो त्रैमासिक सामाजिक सुरक्षा वितरण
2. राष्ट्रिय परिचयपतत्र छापीएर आएका कार्ड वितरण
3. विभिन्न घटना दर्ताहरु गर जम्मा ७८ वटन आइडी स्थानतरण
4. सामाजिक सुरक्षा भत्ता प्रपस्न गर्ने लाभग्राहीहरुको नविकरण